जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३३ अंक ४२ २०८० साल भदौ २१ गते बिहीबार (7 Sep. 2023 Thursday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**




*यस अंक भित्र :* २ पृष्ठमा : जनकपुरमा व्यापार: सयभन्दा... ३ पृष्ठमा : देशभर क्रिकेट मैदानसहित रंगशाला ... ३ पृष्ठमा प्रधानमन्त्रीमाथि पाइप बम ...

# आठ दिनको अन्तरालमा बाबु-छोरा निलम्बनमा

**दैनिक समाचारदाता**
**राजविराज, २० भदौ ।**

सप्तरीको बोदेबरसाइन नगरपालिकाका मेयर आतेश कुमार सिंह यादवमाथी अख्तियारले भ्रष्टाचार मुद्दा चलाएका कारण निलम्बनमा परेको आठ दिन नबित्दै उनका बुवा मधेश प्रदेशसभा सदस्य रहेका अनिरुद्ध प्रसाद सिंह यादव हत्या तथा डाका मुद्दामा कारागार चलान भई निलम्बनमा परेपछी सो नगरपालिकामा अहिले खैलाबैला मच्चिएको छ ।

लामो समयदेखी जिल्लामा राजनीति गर्दै आएका तथा उच्च घरानाका मानिएका प्रदेशसभा सदस्य अनिरुद्ध प्रसाद सिंह यादव र उनका छोरा बोदेबरसाईन नगरपालिकाका मेयर आतेश कुमार सिह यादव दुबै कारवाहीमा परेपछी जनमानसमा खैलाबैला मच्चिएको हो ।

यादव परिवारका लागी दुःखद संयोग के रहयो भने आठ दिनको अन्तरालमा दुबै बाबु छोरा आ-आफ्नो पदबाट निलम्बनमा परेका हुन् । बाबु छोरा दुबै निलम्बनमा पर्दा आफन्तजनमात्र होइन, स्थानीयवासी समेत चकित परेका छन् ।

गत बुधवार अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बोदेवसाईन नगरपालिकाका मेयर आतेश कुमार सिह यादवसहित आठ जना विरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेपछी उनी निलम्बनमा परे । उनीहरुमाथी नगरपालिकामा सुरु नै नभएको एक पशु सम्वन्धि योजनाको अनुगमनदेखि कार्य सम्पन्न सम्मको प्रतिवेदन बनाएर नगरपालिकाबाट झुठो बिलको आधारमा १४ लाख ७२ हजार रुपैया भुक्तानी दिएको अख्तियारको आरोप छ ।

यस्तै सप्तरीको प्रदेश सभा ४ को २ बाट स्वतन्त्र उम्मेदवार बनी प्रदेश सभासदस्य पदमा निर्वाचित उनका बुवा अनिरुद्ध प्रसाद सिह यादव कर्तव्य ज्यान तथा डाका मुद्दामा मंगलबार सप्तरी जिल्ला अदालतको आदेशले पुर्पक्षका लागी कारागार चलान भएपछि उनी पनि निलम्बनमा परे ।

मधेश प्रदेशको प्रदेश सभा सचिवालयले उनी थुनामुक्त नभएसम्म निलम्बनमा नै रहने एक सूचना मार्फत स्पष्ट पारेको छ ।





प्रदेशसभा सदस्य (निलम्बित) अनिरुद्ध प्रसाद सिंह यादव र उनका छोरा बोदेबरसाईन नगरपालिकाका मेयर (निलम्बित) आतेश कुमार सिह यादव ।

# घरायसी समस्याका कारण झुण्डिएर आत्महत्या : प्रहरी

**दैनिक समाचारदाता**
**राजविराज, २० भदौ ।**

सप्तरीको सप्तकोशी नगरपालिकामा मंगलबार एक पुरुषले घरायसी समस्याका कारण झुण्डिएर आत्महत्या गरेका छन् ।

वडा नं. २ सिद्धिपुर बस्ने ६० वर्षका शंकर चौधरीले घरायसी समस्याका कारण झुण्डिएर आत्महत्या गरेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

प्रहरीका अनुसार आफ्नै सुत्ने कोठाको काठको बलोमा गम्छाको पासो लगाई झुण्डीएर मृत अवस्थामा उनकी श्रीमतीले देखेपछि प्रहरीलाई खबर गरेका थिए ।

सो खबर पाउना साथ प्रहरी घटनास्थलमा पुगि थप अनुसन्धान कार्य गरिरहेको जनाइएको छ ।

# कांग्रेसका सहमहामन्त्री यादव साङ्घातिक आक्रमणबाट घाइते

काठमाडौं, २० भदौ (रासस) ।

नेपाली कांग्रेसका सहमहामन्त्री महेन्द्र यादवमाथि काठमाडौँमा धारिलो हतियारले आक्रमण भएको छ । काठमाडौँको भृकुटीमण्डपस्थित रिपोर्टर्स् क्लबको कार्यक्रमबाट बाहिरिएका यादव गाडी चढ्न लाग्दा धारिलो हतियारबाट आक्रमण भएको जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता तथा प्रहरी उपरीक्षक कुमोध ढुङ्गेलले राससलाई जानकारी दिनुभयो ।

उहाँका अनुसार आक्रमण गर्ने नुवाकोटाको विदुर नगरपालिका-७ बस्ने ४७ वर्षीय श्याम सापकोटालाई आक्रमणमा प्रयोग भएको हतियारसहित प्रहरीले नियन्त्रणमा लिएको छ । धारिलो हतियारबाट यादवको टाउकाको पछाडिको भागमा गहिरो चोट लागेको छ । उहाँको ट्रमा सेन्टरमा उपचार भइरहेको छ । सो आक्रमणको कारण खुल्न सकेको छैन । उक्त घटनाका बारेमा प्रहरीले अनुसन्धान सुरु गरेको जिल्ला प्रहरी परिसर काठमाडौँले जनाएको छ ।

# ऋणको बोझले पतिले आत्महत्या गरे : श्रीमती ललिता



ऋणको बोझले आत्महत्या गरेका दिरिपलाल साह



मृतक दिरिपकी २८ वर्षिया श्रीमती ललिता साह

**दैनिक समाचारदाता**
**राजविराज, २० भदौ ।**

मिटरब्याजी साहुनीले भएको एक मात्र घर जग्गा पनि खाली गर्न दबाव बढाउदै गएपछी तनावमा आएर श्रीमान्ले आत्महत्या गरेको एक एकल महिलाले गुनासो पोखेकी छिन् ।

सप्तरीको खडक नगरपालिका १० की २८ वर्षिया ललिता साहले यस्तो गुनासो पोखेकी हुन् । उनका श्रीमान् ३२ वर्षिय दिरिपलाल साह १८ दिन अघि घर मै मृत अवस्थामा भेटिएका थिए । प्रहरीले उनको करेन्ट लागेर मृत्यु भएको तथा घटनाबारे थप अनुसन्धान भईरहेको जनाउदै आएको छ । तर, परिवारजनले आत्महत्या भएको दाबी गरेको छ ।

यसै क्रममा बुधवार एकल महिला ललिताले मानव अधिकारकर्मी तथा संचारकर्मीलाई भेटेर ऋणको बोझले तनावमा परेका श्रीमान्ले आत्महत्या गरेको भन्दै घट्नाको उच्चस्तरिय छानवीन गर्न माग गरेकी छिन् ।

उनले सोही नगरपालिकाकी मिटरब्याजी साहुनी ५५ वर्षिया फुल कुमारी साहले ऋण वापत धितो राखेको जग्गा ऋण चुक्ता गरिसकेपनि फिर्ता गर्न नमान्दा तनावमा रहेका श्रीमानले आफैले करेन्ट लगाई आत्महत्या गरेको दाबी गरेकी छिन् ।

घटनाको अघिल्लो दिन मिटरब्याजी साहुनी फुल कुमारीका आफन्तले आफुहरु बसोवास गर्दै आएको एकमात्र फुसको संरचना भएको घर भत्काई दिएको र दुई दिन भित्र पुर्णरुपमा खाली नगरे ठेगान लगाईदिने धम्की दिएको ललिताले सुनाइन् ।

उनले जग्गा धितो राखेर लिएको ऋण ब्याजसहित चुक्ता गरिसकेपनि चर्को ब्याज थप्दै रकम माग्ने र जग्गा फिर्ता गर्न अस्विकार गर्दै आएको साहुनी फुल कुमारीले विगत एक महिना देखि मान्छे पठाएर घर जग्गा खाली गर्न दवाव बढाउँदै लगेको सुनाईन ।

उक्त घटनाबारे जिल्ला प्रशासन कार्यालय सप्तरीमा समेत उजुरी दर्ता गराएको उनले जानकारी दिएकी छिन् । सोही नगरपालिका निवासी मधेश प्रदेश सांसद माला कुमारी कर्णले धितो वापत फुल कुमारी निर राखेको जग्गा फिर्ता नपाउँदा तनावमा परेका दिरिपले आत्महत्या गरेको कुरा आफुले पनि छरछिमेकबाट थाहा पाएको भन्दै उक्त घट्नाको सत्यतथ्य छानवीन हुनु पर्ने माग गरेकी छिन् ।

# काँग्रेस सप्तरीद्वारा सांघातिक हमलाप्रति निन्दा

**दैनिक समाचारदाता**
**राजविराज, २० भदौ ।**

नेपाली काँग्रेस सप्तरीले पार्टीका केन्द्रिय सह-महामन्त्री महेन्द्र यादवमाथी बुधबार काठमाडौंमा भएको सांघातिक हमलाप्रति घोर निन्दा र भर्त्सना

*बाँकी अन्तिम पृष्ठमा*

**डेंगीबाट बच्ने उपायहरूः**

- बिहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ ।
- लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- अध्याँरा कुना-काप्चामा किटनाशक औषधि छर्कने गरौं ।
- कम्तीमा हप्ताको एक पटक एयर कुलर, पानी ट्यांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### बसपार्क निर्माण कार्य बिरबलको खिचडी झैं

राजविराजस्थित निर्माणाधीन राजदेवी बसपार्क अहिले बिरबलको खिचडी झै भएको छ। बारम्बार निर्माण कार्य चाडै सम्पन्न हुने प्रतिबद्धता जनाएपनि सो प्रतिबद्धता जनाएको पछिल्लो पटक दुई वर्ष बितिसकेको छ। नगरवासीले विगत दुई दशकदेखी बसपार्क निर्माणको पखाईमा छन्। बसपार्कको पाँच/पाँच पटक शिलान्यास भईसकेको छ। तर, निर्माण कार्य अझैं सम्पन्न हुन सकिरहेको छैन्। मानौ 'बिरबलको खिचडी' पाकिरहेको अवस्था जस्तै।

बस पार्क निर्माणको ठेक्का पाएको कम्पनीले समयमै निर्माण कार्य सम्पन्न गर्न नसक्दा यस्तो अवस्था आएको भन्दै सम्बन्धी निकायले आजसम्म पन्छिदै आएको छ। वर्षौदेखी नगरको मुख्य सडकमा धुलो उडाउँदै गरेका सवारी साधनहरु विकल्प नहुँदा सडक किनारमै पार्किङ्ग गर्ने र संचालन गर्दै आएका छन्। तर पनि जनप्रतिनिधीको आँखाले हेर्न र कानले सुन्न नसक्नु आपत्तिजनक कार्य हो।

यस्तो अवस्था भने यहाँका जनप्रतिनिधीका लागी लाजमर्दो अवस्था हो। तसर्थ बस पार्कको कार्य द्रुत गतिमा सम्पन्न गराउन स्थानीयले खबरदारीका साथै सम्बन्धीत निकायले तदारुक्ता देखाउनु अति आवश्यक छ।

# जनकपुरमा व्यापारः सयभन्दा बढी पसल बन्द, लिलाम सकार्नेहरू पनि भेटिँदैनन्

**टीकाराम सुनार/ निरञ्जनकुमार साह**

जनकपुरधाम, २० भदौ (रासस)।

जनकपुरका पवन ठाकुरले विगत ४० वर्षदेखि सुनचाँदीको व्यापार गर्दै आउनुभएको छ। कुनै बेला उहाँको न्यू महालक्ष्मी ज्वेलर्समा ग्राहक भीड थामी नसक्नु हुन्थ्यो। दैनिक रु १०/१२ लाखसम्मको व्यापार गर्न कुनै पर्व वा विवाहोत्सव पर्खिनु पर्दैनथ्यो। अहिले ग्राहक पाउनै मुस्किल भएको ठाकुरले बताउनुभयो। रु डेढ दुई लाखको व्यापार गर्न पनि 'विशेष समय कहिले आउला' भनेर पर्खिनुपर्ने अवस्था आएको उहाँको भनाइ थियो।

जनकपुरमा ४५ वर्षदेखि कपडा व्यापार गर्दै आउनुभएका रामबाबु गुप्ताले पहिले पाँच-सात जनालाई रोजगारी दिनुभएको थियो। केही वर्षयता व्यापार खस्किँदो अवस्थामा रहेकाले आधा कर्मचारी कटौती गरेर व्यापार चलिरहेको गुप्ताले बताउनुभयो। पहिलेको जस्तो व्यापार नहुने, सजिलै ऋण नपाइनेलगायत कारणले व्यापारीहरू मर्कामा परेको उहाँले बताउनुभयो।

जनकपुरधाम उपमहानगरपालिका-४ स्थित रामपरी स्टोरका सञ्चालक शेखर साहको पनि यस्तै गुनासो छ। विगत १८ वर्षदेखि खाद्यान्न व्यापार गर्दै आउनुभएका उहाँले दैनिक उपभोग्य वस्तुको व्यापारमा समस्या होला भनेर सोच्नुभएको थिएन। अहिले व्यापारमा ७५ प्रतिशतले कमि आएको साहको भनाइ थियो। "पहिले सामान लिन पालो पर्खिनुपर्थ्यो तर अहिले ग्राहक नै आउँदैनन्", उहाँले भन्नुभयो, "पछिल्लो समय २५ प्रतिशतमा व्यापार झरेको छ। खै केको मन्दी भएर हो वा अरूको व्यापार बढेर हो ? बुझ्नै सकिरहेको छैन।"

"ठाकुर, गुप्ता र साहको मात्रै होइन जनकपुरका अधिकांश व्यवसायीको समस्या यस्तै छ", जनकपुरधाम उद्योग वाणिज्य सङ्घका अध्यक्ष जितेन्द्र महासेठले भन्नुभयो। विलासिताका वस्तुको व्यापार गर्नेहरू मात्र नभई दैनिक उपभोग्य सामान बेच्ने पनि समस्यामा पर्नु गम्भीर चिन्ताको विषय भएको उहाँले बताउनुभयो।

महासेठका अनुसार जनकपुर बजार क्षेत्रमा व्यापार व्यवसाय निरन्तर ओरालो लागेपछि हालसम्म एक सयभन्दा बढी व्यापारीले सटर बन्द गरिसकेका छन् भने यो सङ्ख्या निरन्तर बढ्दो क्रममा छ। आधा दर्जनभन्दा बढी ठूला व्यापारी बैंक तथा साहुको ब्याज तिर्न नसकेर जायजेथा छाडेर भागिसकेका उहाँले जानकारी दिनुभयो।

"जनकपुरधाममा कुनै बेला व्यापार गर्नका लागि सटर नै पाउँदैनथे। अहिले मुख्य बजारमै एक सयभन्दा बढी सटर बन्द अवस्थामा छन्। सटर खोल्नेहरूको व्यापार पनि निराशाजनक छ", महासेठले भन्नुभयो, "यसको कारण र परिणामका विषयमा न राज्यका निकाय न त राजनीतिक नेतृत्व गम्भीर छन्। अर्थतन्त्र झन्झन् जटिल अवस्थातर्फ धकेलिँदैछ।"

**'लिलाम गर्दा पनि सकार्ने भेटिँदैनन्'**

व्यापारमा सुधार नहुँदा पसलहरू बन्द हुने मात्रै होइन यहाँ बैंकको ऋण तिर्न नसक्दा असुल उपरका लागि बैंकले लिलामको सूचना गर्दा लिलाम सकार्ने (बोलकबोल गर्ने) मान्छेसमेत भेटिँदैनन्। आफ्नो पसल अगाडि वर्षौंदेखि फार्मेसी सञ्चालन गर्दै आएका व्यापारीको घर लिलाम हुने अवस्था आएपछि वाणिज्य सङ्घको नेतृत्वमा रहेका पदाधिकारीले सस्तो मूल्यमा घर खरिद गरिदिएको चेम्बर अफ कमर्स मधेस प्रदेशका अध्यक्षसमेत रहेका सुनचाँदी व्यवसायी ठाकुरले जानकारी दिनुभयो। "वर्षौंदेखि फार्मेसी पसल सञ्चालन गर्दै आएका व्यवसायी रातारात पलायन भएका छन्। बैंकको ब्याज तथा अन्य साहुमहाजनबाट लिएको ऋण तिर्न नसकेपछि उहाँ तनावमा हुनुहुन्थ्यो", उहाँले भन्नुभयो, "सङ्घका एक पदाधिकारीले आफूलाई तिनुपर्ने ऋण कटाएर बाँकी केही रकम थपेर घर लिएको सुन्नमा आयो। त्यसैगरी अरू धेरै व्यापारी पलायन हुँदैछन्।"

विगत केही महिनामा १०/१२ लिलामी सूचना प्रकाशित भएको भन्दै लिलाम सकार्ने मान्छे नभेट्दा सङ्घको रोहवरमा समस्या समाधान गरिएको उद्योग वाणिज्य सङ्घका अध्यक्ष महासेठले जानकारी दिनुभयो। "व्यापारीले ऋण तिर्न नसक्ने र लिलाम गर्दा किन्ने मान्छे नभेटिने अवस्थाले यहाँको विकराल अवस्थालाई प्रष्ट्याउँछ", उहाँले भन्नुभयो, "अब व्यापार/व्यवसाय सुरु गर्नुभन्दा पहिला सबैले सोच्ने बेला आएको छ।"

सङ्घका वरिष्ठ उपाध्यक्ष मनिषरमण साहले यहाँको अर्थतन्त्र र व्यापार व्यवसाय 'स्लिपिङ मोड' मा रहेको धारणा राख्नुभयो। तत्काल समाधानको उचित उपाय ननिस्किए समस्या झन् भयावह हुँदै जाने उहाँको भनाइ थियो।

**यसरी निम्तियो सङ्कट**

कोरोना महामारी, अन्तर्राष्ट्रिय प्रभाव, बैंकिङ क्षेत्रमा देखिएको तरलता अभाव, आर्थिक शिथिलता, कारोबारमा आएको मन्दीलगायत कारण सिङ्गो देशले समस्या भोगिरहेको छ।

मधेस प्रदेश तथा राजधानी जनकपुरमा कोरोना महामारी, अन्तर्राष्ट्रिय प्रभाव, बैंकिङ क्षेत्रमा देखिएको तरलतालगायत अरू कारणले पनि अर्थतन्त्रमा समस्या थपिँदै गएको यहाँका व्यवसायीको बुझाइ छ। मधेस जनविद्रोह, भूकम्प, स्थानीय सरकार आएपछि बाटो विस्तारका क्रममा भएका अवरोध, कोरोना महामारीपछिको लकडाउनले पारेको नकारात्मक प्रभावलगायत कारणले यहाँको व्यवसाय थिलथिलो भएको व्यवसायी जीवनाथ चौधरीले बताउनुभयो। एकपछि अर्को समस्या थपिएपछि व्यवसायीले टाउको उठाउनै नसक्ने गरी समस्यामा परेका उहाँले गुनासो गर्नुभयो।

"यहाँको मुख्य आधार भनेको धार्मिक पर्यटन हो। केही वर्षसम्म पर्यटकीय गतिविधि भएका छैनन्", चौधरीले भन्नुभयो, "आन्दोलन, हडताल, बन्दाबन्दीले लामो समयसम्म सटर बन्द गर्नुपर्‍यो। खर्च गर्न सक्नेहरू यहाँबाट पलायनको अवस्थामा पुगे। आम्दानी नै नभएपछि खर्च कसरी हुन्छ ? सोही कारणले यहाँ व्यापारले गति लिन सकेन्।"

सङ्घका अध्यक्ष महासेठले पछिल्लो आठ/दश वर्षको अवधिमा दुई/तीन वर्ष व्यापार बन्द गर्नुपरेकाले समस्या झन् बढेको बताउनुभयो। "मधेस आन्दोलन, भूकम्पको प्रभाव त छँदैथियो। विसं २०७४/७५ मा जनकपुरमा सडक विस्तारका साथै ढल निर्माणका बेला करिब छ/सात महिना व्यापार ठप्प भयो", उहाँले भन्नुभयो, "लगत्तै कोरोना महामारीका समयमा भएको बन्दाबन्दीले व्यवसायलाई थप सङ्कटग्रस्त बनायो।" पटकपटक व्यापार बन्द हुने, घरभाडा र बैंकको ब्याज निरन्तर बढ्ने भएकाले यस्तो अवस्था आएको उहाँको भनाइ थियो।

समस्याबाटै सुधारको सुरुआत हुने हुँदा भएकाले राज्यले औद्योगिक क्रान्तिको जग बसाल्ने, आन्तरिक उत्पादन र उपभोक्ताको आम्दानी बढाउनेतर्फ ध्यान दिनुपर्नेमा व्यापारीले जोड दिएका छन्।

"उत्पादनमूलक उद्योग छैनन्। घरजग्गामा लगानी गर्ने परिपाटी निरन्तर बढ्दो छ। यसले दीर्घकालमा अर्थतन्त्र धराशयी हुने देखिन्छ", सङ्घका उपाध्यक्ष साहले भन्नुभयो, "राज्यले अनुत्पादक क्षेत्रमा लगानी गर्ने कर्जा नीतिलाई निरुत्साहित गर्दै उत्पादनमूलक उद्योगमा सहुलियतमा कर्जाको व्यवस्था गर्नुपर्छ।" यहाँका व्यापारीको मनोबल उचो बनाउन र तत्काल समस्या समाधानका लागि रणनीतिक पहलकदमी लिनुपर्नेमा उहाँले जोड दिनुभयो। अहिलेकै अवस्थामा यहाँका व्यापारी व्यापार/व्यवसाय छोडेर पलायन हुनुपर्ने भन्दै समस्या समाधानका लागि राज्यका साथै सरोकारवाला निकायले रणनीतिक पहलकदमी लिनुपर्ने उनीहरूको भनाइ थियो।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# देशभर क्रिकेट मैदानसहित रंगशाला निर्माण गरिँदै

काठमाडौँ, २० भदौ (रासस)।
नेपालमा पछिल्लो समय क्रिकेटको लोकप्रियता बढेसँगै क्रिकेट खेलका लागि मैदानसहितका आवश्यक पूर्वाधार निर्माण कार्यलाई तीव्रता दिइएको छ। सरकारले देशका विभिन्न भागमा खेलकुद पूर्वाधारका रूपमा क्रिकेट मैदान र रङ्गशाला निर्माणलाई उच्च प्राथमिकतामा राखेर काम गरिरहेको छ।

काठमाडौँको मूलपानीस्थित क्रिकेट रङ्गशाला निर्माण आयोजनाको ३५ प्रतिशत काम सम्पन्न भइसकेको युवा तथा खेलकुद मन्त्रालयले जनाएको छ। उक्त रङ्गशालाको भिआइपी प्यारापिट ब्लक ढलान भई प्लास्टरको काम भइरहेको छ।

यस्तै भैरहवा क्रिकेट रङ्गशालामा 'ब्लक बी' आयोजनाको २२ दशमलव पाँच प्रतिशत निर्माण कार्य सम्पन्न भएको छ। बाँकेको कोहलपुरमा महिला क्रिकेट एकेडेमीको 'ब्लक एच' र कास्कीको पोखरा क्रिकेट रङ्गशालाको एउटा ब्लक निर्माणकार्य सुरु भएको मन्त्रालयको आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रगति समीक्षा कार्यक्रममा जानकारी दिइयो।

यसैगरी कञ्चनपुरको महेन्द्रनगरस्थित क्रिकेट रङ्गशाला निर्माणका लागि मैदान तयार गर्ने कार्य भएको छ भने सुर्खेत क्रिकेट खेलमैदानको काम चालु छ। काठमाडौँको बूढानीलकण्ठ क्रिकेट रङ्गशालाको मैदानको कार्य सुरु गरिएको छ भने गण्डकी प्रदेशको पोखरा रङ्गशाला निर्माण आयोजना सम्पन्न भएको छ।

सुदुरपश्चिम प्रदेशमा कैलालीको धनगढी रङ्गशालाको ४६ प्रतिशत निर्माणकार्य सम्पन्न भएको मन्त्रालयले जनाएको छ। नेपालगन्ज रङ्गशालामा भने सेन्थेटिक ट्र्याक निर्माणका लागि ड्रेन ढलानकार्य भइरहेको छ। उक्त आयोजनाको ७७ प्रतिशत निर्माणकार्य पूरा भएको छ।

बाराको सिमरा रङ्गशालाको ४१ प्रतिशत, नारायणी रङ्गशालाको २० प्रतिशत, पाँचथरको फिदिम रङ्गशालाको १५ दशमलव ८५ प्रतिशत तथा सुनसरीको धरान रङ्गशालाको ५४ प्रतिशत निर्माणकार्य पूरा भएको छ। पोखरा रङ्गशालामा बोरिङ निर्माणकार्य सुरु गरिएको छ भने ललितपुरमा च्यासल रङ्गशाला निर्माण सम्पन्न भएको मन्त्रालयले जनाएको छ।

नारायणी कभर्डहलको निर्माणको ३० प्रतिशत, चुनिखेल कभर्डहलको २० प्रतिशत र रामेछापको सुनापति राष्ट्रिय स्मृति कभर्डहलको २० प्रतिशत निर्माणकार्य पूरा भएको छ। हाइ अल्टिच्युट ट्रेनिङ सेन्टर निर्माणका लागि मनाङको तिमाङमा खेलमैदान सम्याउने, घेराबार गर्ने र पर्खाल लगाउने काम भइरहेको छ भने जुम्लामा मैदान सम्याउने काम पूरा भएको छ।

काठमाडौँको कागेश्वरी मनोहरामा खेलाडी आवासगृह र ललितपुरको सातदोबाटोमा तेक्वान्दो खेलाडीका लागि आवासगृह निर्माण गर्न डिपिआर तयार भएको मन्त्रालयको समीक्षा प्रतिवेदनमा उल्लेख छ। निर्माण सम्पन्न भएका पूर्वाधारको नियमित सम्भारका लागि बजेट व्यवस्थापन र केन्द्र, प्रदेश र स्थानीय तहका विभिन्न खेलमैदानका लागि रकम विनियोजन गर्ने कार्यलाई पनि सरकारले नियमित गरेको छ। सरकारले आगामी २०८१ सालमा कर्णाली प्रदेशको सुर्खेतमा आयोजना गरिने १०औँ राष्ट्रिय खेलकुद प्रतियोगिताको पूर्वाधार निर्माणका लागि बजेटको आवश्यक जोहो गरिरहेको मन्त्रालयले जनाएको छ।

नेपालमा लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि नेतृत्वमा रही निर्णायक भूमिका खेल्नुभएका पूर्वप्रधानमन्त्री स्व गिरिजाप्रसाद कोइरालाको नाममा सञ्चालनमा रहेको रङ्गशालालाई अन्तर्राष्ट्रियस्तरको सुविधासम्पन्न रङ्गशालाका रूपमा विकास गर्न राष्ट्रिय गौरवको आयोजनामा समावेश गर्ने सोच मन्त्रालयले अघि सारेको छ। मन्त्रालयले खेलकुद पूर्वाधार निर्माणकार्यको लक्षित प्रगति समयमै हासिल गर्न केही ठूला पूर्वाधार निर्माणकार्य प्राविधिक जनशक्ति भएको उपयुक्त सरकारी निकायमार्फत गर्न सिफारिस गर्ने निर्णय पनि गरेको छ। मुलुकलाई विश्वजगत्मा परिचित गराउने, राष्ट्रको इज्जत र प्रतिष्ठा बढाउने तथा कूटनीतिक सम्बन्ध विस्तारमा खेलकुद क्षेत्रको महत्त्वपूर्ण योगदान हुँदै आएको छ।

सरकारले तीन तहकै सरकारको समन्वय र सहकार्यमा खेलकुद पूर्वाधारको निर्माण, संरक्षण र स्तरोन्नति गर्ने नीति अघि सारेको छ। खेलकुद पूर्वाधारको विकास, व्यवस्थापन र गतिविधि सञ्चालनमा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने मन्त्रालयको प्रतिबद्धता छ। प्रतिभावान खेलाडी पहिचान, क्षमता विकास तथा प्रोत्साहन गर्ने तथा समाजमा खेलकुदको महत्व स्थापित गर्दै सबैलाई खेलकुदमा सहभागी हुने अवसर सिर्जना गर्ने सरकारले अठोट लिएको छ।

# पाठेघरको मुखको क्यान्सरविरुद्धको खोप भदौ २७ देखि

काठमाडौँ, २० भदौ (रासस)।
स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले पाठेघरको मुखको क्यान्सरविरुद्धको खोप 'एचपीभी' भदौ २७ गतेदेखि लगाउने तयारी गरेको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री मोहनबहादुर बस्नेतले एचपीभी खोपको शुभारम्भ परोपकार प्रसूति तथा रोग अस्पतालबाट गर्ने तयारी भइरहेको जानकारी दिनुभयो।

अस्पतालको ६४ औँ वार्षिकोत्सव समारोहमा आयोजित कार्यक्रममा भिडियो सन्देशमार्फत उहाँले सातै प्रदेशका सात अस्पतालबाट एचपीभी खोप लगाउने बताउनुभयो। उहाँका अनुसार गत असारमा सरकारले चीनबाट २० हजार मात्रा पाठेघरको मुखको क्यान्सरविरुद्धको खोप खरिद गरेर ल्याएको थियो।

अस्पतालका निर्देशक डा श्रीप्रसाद अधिकारीले आगामी भदौ २७ गते स्वास्थ्यमन्त्री बस्नेतले खोपको शुभारम्भ गर्नुहुने जानकारी दिनुभयो। उहाँका अनुसार मन्त्रालयले प्रसूतिसँगै सात प्रदेशका सातवटै अस्पतालबाट खोपको सुरुवात गर्ने तयारी गरेको छ। दुई मात्रा दिइने उक्त खोप १० हजार किशोरीलाई लगाइने छ।

कोशी प्रदेशमा कोशी अस्पताल, मधेश प्रदेशमा वीरगञ्जस्थित नारायणी अस्पताल, बागमतीमा परोपकार प्रसूति तथा स्त्री रोग अस्पताल, गण्डकी प्रदेशको पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, लुम्बिनीमा भेरी अस्पताल बाँके, कर्णालीमा प्रादेशिक अस्पताल सुर्खेत र सुदूरपश्चिम प्रदेशको डडेल्धुरा अस्पतालबाट एकै दिन एचपिभी खोप प्रदान गरिने डा अधिकारीले जानकारी दिनुभयो।

उहाँका अनुसार खोपले १० देखि १४ वर्ष उमेरसमूहका किशोरीलाई पाठेघरको मुखको क्यान्सर लाग्नबाट बचाउने गर्दछ। "अहिले पहिलो मात्रा र छ महिनापछि दोस्रो मात्रा खोप दिइने छ", डा अधिकारीले भन्नुभयो, नेपालका महिलालाई लाग्ने क्यान्सरमध्ये पाठेघरको मुखको क्यान्सर सबैभन्दा बढी देखिएको छ।" विश्वमा भने महिलालाई सबैभन्दा बढी स्तानक्यान्सर हुने गरेको उहाँले बताउनुभयो।

सन् २०२२ को सरकारी तथ्याङ्क अनुसार नेपालमा दुई हजार दुई सय ४४ महिलालाई पाठेघरको मुखमा क्यान्सरमा लागेको क्यान्सर रोग विशेषज्ञ डा अरुण शाहीले जानकारी दिनुभयो। उहाँका अनुसार 'ह्युमन प्यापिलोमा भाइरस'को कारणले पाठेघरको मुखमा क्यान्सर हुने गर्दछ। भाइरसका कारणले ९९ प्रतिशत र असुरक्षित यौन सम्पर्क, धूमपान र सानै उमेरमा विवाह गर्नेलगायत कारणले एक प्रतिशतलाई पाठेघरको मुखमा क्यान्सर हुने गरेको डा शाहीले जानकारी दिनुभयो।

# विश्व समाचार

## प्रधानमन्त्रीमाथि पाइप बम प्रहार गर्नेविरुद्ध हत्या अभियोग

टोकियो, २० भदौ (रासस/एएफपी)।
जापानका प्रधानमन्त्री फुमियो किसिदामाथि पाइप बम प्रहार गरेका युवकविरुद्ध ज्यानमार्ने उद्योग गरेको अभियोग लगाएको छ। यद्यपि उहाँमाथि कुनै हानी भएको थिएन। आक्रमणकारीलाई तत्काल पक्राउ गरिएको थियो। गत वैशाखमा पश्चिमी जापानमा आयोजित एक चुनावी सभामा प्रधानमन्त्रीमाथि विष्फोटक पदार्थयुक्त उपकरणले आक्रमण गरेका २४ वर्षीय रियुजी किमुराविरुद्ध हत्या अभियोग लगाइएको उक्त मुद्दा हेरिरहेको अदालतका प्रवक्ताले बताएकी छन्। पूर्वप्रधानमन्त्री शिन्जो आबेको हत्या भएको एक वर्ष पनि नपुगदै प्रधानमन्त्री किसिदामाथि आक्रमण भएको थियो। वाकायामा जिल्ला अदालतका प्रवक्ताले एएफपी किमुरालाई हत्या अभियोग लगाइएको बुधबार बताइन्। आक्रमणपछि प्रहरीले खोजी गर्दा किमुराको घरमा बारूद, पाइपलगायत उपकरण फेला परेका थिए। सार्वजनिक प्रसारण संस्था एनएचकेका अनुसार किमुरा आफ्नो गिरफ्तारी पछि मौन छन्। हत्या आरोप लगाइनुअघि करिब तीन महिनासम्म किमुराको मनोवैज्ञानिक परीक्षण गरिएको थियो। यसअघि किमुराले निर्वाचनमा भाग लिने देशको न्यूनतम उमेरप्रति असन्तुष्टि जनाउँदै सरकारविरुद्ध मुद्दा दायर गरेका थिए।

## अस्वस्थ नेत्री सुचीलाई स्वास्थ्य सेवाबाट वञ्चित गरिएको आरोप

लण्डन, २० भदौ (रासस/एपी)।
सैनिक हिरासतमा रहनु भएकी म्यान्माकी प्रजातन्त्रवादी नेत्री आङ सान सुचीलाई वास्थ्य सेवाबाट वञ्चित गरिएको आरोप उहाँका कान्छा छोराले लगाउनुभएको छ। दाँतको गम्भीर समस्याबाट पीडित ७८ वर्षीया नेत्रीलाई आपत्कालीन स्वास्थ्य सेवाबाट वञ्चित गरिएको उहाँका छोरा किम एरिसले बताउनुभएको हो। विरामी आमालाई स्वास्थ्य सेवा उपलब्ध गराउन सैन्य सरकारसमक्ष कारागारका अधिकारीहरूले गरेको अनुरोधलाई सैनिक नेतृत्वले रोकेको किमले बताउनुभयो। दाँत र गिजाको गम्भीर समस्याका कारण आफ्नी आमा केही दिनदेखि अस्वस्थ भइ खानसक्ने अवस्थामा पुग्नुभएको उहाँले बिबिसी बर्मेली सेवालाई बताउनुभयो। उहाँ न्युन रक्तचापबाट पनि पीडित हुनुहुन्छ। कारागार स्रोतले पनि नेत्री सुची भोजन गर्न असमर्थ भएकी बताएको छ। यद्यपि एक सैन्य प्रवक्ताले उहाँको स्वास्थ्यमा समस्या नभएको तथा सैनिक एवं गैरसैनिक चिकित्सकहरूबाट नियमित रुपमा स्वास्थ्य परीक्षण एवं उपचार भइरहेको दाबी गरेका छन्। उहाँको दाँतको दुखाई कम गर्ने उद्देश्यले नरम खाना र औषधियुक्त जेली खुवाइएको बताइएको छ।

सन् २०२१ को फेब्रुवरीमा सैन्य विद्रोहपछि सत्ताच्युत गरिएकी नेत्री सुचीलाई सोही समयदेखि हिरासतमा राखिएको छ। सैनिक शासनको विरोधसँगै म्यान्मा गृहयुद्धमा प्रवेश गरेपछ हजारौँले ज्यान गुमाएका छन्। यो हिंसाका घटना बढिरहेका छन्। गत जुलाईमा उहाँलाई राजधानी नेपीट जेलबाट नजरबन्दमा सारिएको थियो तर नोबेल पुरस्कारबाट सम्मानित सुचीलाई कहाँ राखिएको छ भन्ने स्पष्ट छैन। बेलायतमा बस्दै आएका एरिसले आफ्नी आमाले वान्ता गरिरहेकी र मुर्छापर्ने गरेको जनाउँदै उपयुक्त चिकित्सा सेवाबाट बिरामीलाई वञ्चित गर्नु क्रूरताको पराकाष्ठा भएको टिप्पणी गर्नुभएको छ। उहँले आमाको बिग्रदो स्वास्थ्यले जीवन नै जोखिममा पर्नसक्ने भन्दै चिन्ता व्यक्त गर्नुभएको छ। देशका सबै राजनीतिक दलहरूको गठबन्धन सम्मिलित म्यान्माको निर्वासित राष्ट्रिय एकता सरकारले अन्तरराष्ट्रिय समुदायलाई नेत्री सुची जस्ता राजनीतिक बन्दीहरूलाई उचित उपचार सेवा उपलब्ध गराउन सैनिक शासकलाई दबाब दिन आग्रह गरेको छ। धेरै विश्वका धेरै नेताले पनि उहाँको निःशर्त रिहा गर्न माग गरेका छन्। साथै उनीहरूले पक्राउ गरिएका विपक्षीलगायत सबैलाई हिरासतमुक्त गर्न आह्वान गरेका छन्। मङ्गलबार इन्डोनेसियाको राजधानी जकार्तामा सुरु भएको दक्षिणपूर्वी एशियाली राष्ट्रहरूको सङ्गठन (आसियान) को द्विवार्षिक शिखर सम्मेलनमा म्यान्माको राजनीतिक सङ्कटलाई लिएर गम्भीर चिन्ता व्यक्त गरिएको थियो। आसियान नेताहरूले त्यहाँ जारी हिंसाको लागि म्यान्माका सैन्य अधिकारी जिम्मेवार रहेका भन्दै उनीहरूको निन्दा गरेका थिए। प्रजातान्त्रिक सरकारलाई अपदस्थ गरेपछि शिखर सम्मेलनमा म्यान्मालाई आमन्त्रित नगरेको यो दोस्रो वर्ष हो। अघिल्लो वर्ष पनि म्यान्मालाई आमन्त्रण गरिएको थिएन। मङ्गलबारको बैठकमा आसिन नेताहरूले म्यान्मा सङ्कट समाधानका निम्ति गत वर्ष सैन्य सरकारलाई दिइएको पाँचबुँदे मार्गचित्र कार्यान्वयन नगरेमा त्यसको पनि आलोचना गरेका थिए।

## शक्ति राष्ट्रका विवादले आसियान शिखर सम्मेलन छायामा

जकार्ता, २० भदौ (रासस/एएफपी)।
शक्ति राष्ट्रका विवादका कारण दक्षिणपूर्वी एसियाली राष्ट्रहरूको सङ्गठन (आसियान) शिखर सम्मेलन छायामा परेको छ। इन्डोनेसियाको राजधानी जकार्तामा जारी शिखर सम्मेलन र सोही क्रममा आयोजना हुने शक्तिराष्ट्रबीच हुने विभिन्न उच्चस्तरीय बैठक आर्थिक विकासका मुलमुद्दाभन्दा राजनीतिक विषयका कारण छायामा परेको हो। अमेरिकी, चिनियाँ र जापानी अधिकारीहरूसँग बुधबार हुने भेटमा ठूला शक्ति प्रतिद्वन्द्वीले दक्षिण चीन सागरको विषयलाई लिएर चीन र अमेरिकालगायत देशबीचको तनाव, युक्रेन युद्ध तथा उत्तर कोरियाली क्षेप्यास्त्र विकास कार्यक्रमजस्ता क्षेत्रीय मुद्दा छलफलको एजेण्डामा छन्। दश सदस्यीय आसियानले चीन, जापान, दक्षिण कोरिया, संयुक्त राज्य अमेरिका र क्यानडासँग छुट्टाछुट्टै शिखर सम्मेलन गर्दैछ। सम्मेलनमा राष्ट्रपति जो बाइडेनको स्थानमा अमेरिकी उपराष्ट्रपति कमला ह्यारिस सहभागी हुनुभएको छभने राष्ट्रपति सी चिनफिङको सट्टा चिनियाँ प्रधानमन्त्री ली छ्याङ भाग लिँदै हुनुहुन्छ। "हामी भिन्नताहरूलाई पन्छाएर साझा आधार खोज्छौँ, हामी दुवैले शान्तिको लागि अथक प्रयास गरिरहेका छौँ। जबसम्म हामी सही बाटोमा हिँड्छौँ, जस्तोसुकै आँधीबेहरी आए पनि चीन-आसियान सहयोग सधैँजस्तै सुदृढ हुनेछ... सबै बाधाविरुद्ध एकताबद्ध भएर उभिनेछ," चिनियाँ प्रधानमन्त्री लीले आसियान-चीन शिखर सम्मेलनको उद्घाटन मन्तव्य व्यक्त गर्दै भन्नुभयो।


# विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने।
२. विद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने।
६. सकभर अग्लो स्थानमा वस्ने।
७. धातुको ह्याण्डल, चेन भएका व्याग वा अन्य सामान प्रयोग नगर्ने।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ। तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने।
५. उपचारको व्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, विद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : राजविराज दैनिक**

# कृष्णजन्मोत्सवको रौनक



**दैनिक समाचारदाता**
**राजविराज, २० भदौ ।**

प्रत्येक वर्ष कृष्णअष्टमीका दिन मनाईने भगवान श्रीकृष्णको जन्मोत्सव यस वर्ष पनि पुजापाठ, भजनकिर्तन, कलश यात्रा, नाटक तथा मेला लगायतको आयोजना गरी धुमधाममा साथ मनाईदै छ ।

यस अवसरमा कृष्ण मन्दिरहरुमा विषेश पुजा अर्चना गरिएको छ भने विभिन्न टोलबाट कलश र शोभायात्रा निकालिएको छ ।

राजविराजको मुख्य हाटबजारस्थित श्री लक्ष्मीनारायण राधाकृष्ण मन्दिरमा श्रीकृष्ण तथा अन्य देवी देवताका कलात्मक मुर्ती निर्माण गरिएको छ । सो मन्दिरमा पुजापाठ गर्न बिहानै देखि भक्तजनको भिड लागेको मन्दिर समितीका सदस्य प्रभात कुमार ललनले जानकारी दिए ।

यस अवसरमा मन्दिर परिसरमा मेलाको समेत आयोजना गरिएको मन्दिर समितीका उपाध्यक्ष विन्देश्वर प्रसाद साह "बिन्दी" ले बताए ।

यस्तै जिल्ला स्थित विभिन्न कृष्ण मन्दिर प्राङ्गनमा आयोजना हुने नृत्य तथा ग्रामिण युवा कलाकारको नाटक हेर्न आगन्तुकहरुको भीड लाग्ने गरेको डाक्नेश्वरी नगरपालिकाका कृष्ण पुजा समितीका सदस्य राजेश्वर रायले बताए ।

जन्मोत्सवको अवसरमा बिहीबार रथयात्रा निकालिने जनाइएको छ ।

# पथलैया-कमला सडकखण्डमा ३० हजारभन्दा बढी रूख काटिने

सर्लाही, २० भदौ (रासस) ।

पूर्व-पश्चिम राजमार्गअन्तर्गत मधेस प्रदेशको पूर्वमा सिरहादेखि पश्चिममा बाराको पथलैयासम्म चार लेनको सडक निर्माणको काम भइरहेको छ । विसं२०२१ मा तत्कालीन सोभियत सङ्घको सहयोगमा निर्माण भएको दुई लेनको पूर्व-पश्चिम राजमार्गलाई अहिले विश्व बैङ्कको लगानीमा स्तर वृद्धि गरेर चार लेनको बनाउने काम सुरु भएको हो ।

विश्व बैङ्कले दिन लागेको रु ८८ अर्ब ऋण सहयोगबाट दुई लेनको पूर्व-पश्चिम राजमार्गलाई चार लेनको सडक निर्माण गर्न सुरु गरिएको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले जनाएको छ । पूर्व-पश्चिम राजमार्गअन्तर्गत एक सय ३० किलो मिटर सडकलाई पथलैया-ढल्के र ढल्के-कमला गरी दुई प्याकेजमा बिभाजन गरेर अहिले सडकको साइड क्लियर गर्नेलगायत काम सुरु गरिएको पथलैया-ढल्के-कमला सडक योजना प्रमुख दीपेन्द्र पाण्डेले जानकारी दिनुभयो । उहाँका अनुसार यस योजनाअन्तर्गत निर्माण हुने एक सय ३० किलोमिटर सडक जङ्गल क्षेत्रमा २७ मिटर चौडा र सहरी क्षेत्रमा ५० मिटरको चौडा रहनेछ ।

सडक विभाग, वैदेशिक सहायता कार्यान्वयन महाशाखाले पथलैया, निजगढ, चन्द्रनिगाहपुर लगायत सात स्थानमा सार्वजनिक सुनुवाइ गर्नाका साथै स्थानीयवासीको राय, सुझावसमेत लिएर काम सुरु गरेको उहाँले बताउनुभयो । बस्ती र सहरी क्षेत्रमा ५० मिटर लिइने जग्गामा चार लेनको सडकसँगै नाला, सडकपेटीसहित साइकल लेनसमेत निर्माण गर्ने गरी कार्यहरू सुरु भइसकेको र अन्य स्थानहरूमा सडकको दुवैतर्फ सडक निर्माण गरिने आयोजनाले जनाएको छ ।

एउटा लेन तीन दशमलव पाँच मिटरको हुने, सडकको दुवै छेउमा रूखबिरुवा तथा फूल रोपिने र दायाँबायाँ साढे दुई मिटर अतिरिक्त कालोपत्र गर्ने योजना रहेको डिपिआरमा उल्लेख छ । सडकमा गुड्दै गरेको सवारी साधन बिग्रिए त्यसलाई पार्किङ गर्न सक्ने व्यवस्थासमेत गरिने आयोजना प्रमुख पाण्डेले बताउनुभयो ।

यस सडकखण्डमा रहेको बागमती र कमला नदीको पुलबाहेक सानाठूला गरेर ७२ वटा पुलहरू पनि निर्माण हुनेछन् । साइकल लेन र फुटपाथ छोपिने गरी नाला रहने उक्त सडकको सब बेस २० सेन्टिमिटर र माथिल्लो फिनिसिड लेबल १४ सेन्टिमिटर रहने डिपिआरमा उल्लेख छ । हाल सञ्चालनमा रहेको कज वे हटाएर आवश्यक स्थानमा बक्स कल्भर्ट निर्माण गर्ने काम भइरहेको छ ।

पर्यावरणीय हिसाबले यो क्षेत्र संवेदनशील रहेकाले सडकबाट वारपार गर्ने जङ्गली जनावरका लागि 'एनिमल पास ब्रिज' पनि निर्माण गर्ने योजना सडक विभागको छ । विद्युत्, पानी, नेटवर्कको पाइपलाइन र वातावरण संरक्षणको विविध पक्षमा अध्ययन गरी डिजाइन तयार गरिएको आयोजनाका प्राविधिकहरूको भनाइ थियो । सडक सीमाभित्रको संरचना हटाउने, रूख कटान गर्ने, पोल सार्ने, कजवे बनाउनेलगायत काम सडक विभागले अगाडि बढाइसकेको छ ।

यस राजमार्ग पथलैयादेखि कमला खोलासम्मको एक सय ३० मिटर लामो दुई लेनको सडकलाई स्तर वृद्धि गरेर चार लेनको बनाउन ठेक्का लगाइएको सडक विभाग वैदेशिक सहायता महाशाखाका एसडिई बन्दना आचार्यले बताउनुभयो । उहाँका अनुसार विश्व बैङ्कको ऋण सहयोगमा सडकलाई चार लेन बनाउन लागिएको हो । तीस हजार आठ सय ७१ सानाठूला रूख कटान गर्ने, प्रतिरूख दस वटाका दरले तीन लाख आठ हजार दुई सय ७० वटा बिरुवा रोपिने विभागले जनाएको छ ।

चार लेन सडकका रूपमा विकास गर्न लागिएको यस राजमार्गमा लामो तथा छोटो दूरीका गरी दैनिक हजारौं सङ्ख्यामा सवारी साधन आवतजावत हुने गर्छन् । करिब ६० वर्ष पहिला निर्माण गरिएको पूर्व-पश्चिम राजमार्ग सवारी साधनको चापले साँघुरो हुनाका साथै दुर्घटनाको कारण बर्सेनि ठूलो सङ्ख्यामा भइरहेको मानवीय क्षति कम गराउन वर्षौंदेखि विज्ञहरूले सडक चौडा पार्ने सुझाव दिँदै आएकाले अहिले राजमार्ग विस्तारको काम सुरु भएको हो ।

# मोर्चाले तीन प्रदेशमा प्रादेशिक सन्देश सभा गर्ने

काठमाडौँ, २० भदौ (रासस) ।

समाजवादी मोर्चा नेपालले तीनवटा प्रदेशमा प्रादेशिक सन्देश सभा गर्ने भएको छ । मोर्चाले बागमती, कोशी र सुदूरपश्चिम प्रदेशमा सन्देश सभा गर्न लागेको हो ।

मोर्चाले यही भदौ २४ बागमती प्रदेशमा, भदौ २५ गते कोशीमा तथा भदौ २६ गते सुदूरपश्चिममा सन्देश सभा गर्नका लागि कार्यतालिका तय गरिएको मोर्चाका सदस्यसचिव प्रमेश हमालले जानकारी दिनुभयो । मोर्चाले यसअघि गण्डकी, मधेस, लुम्बिनी र कर्णालीमा प्रदेशस्तरीय सभा सम्पन्न गरिसकेको छ ।

बागमतीको हेटौँडामा र सुदूरपश्चिमको धनगढीमा हुने सभाको संयोजन नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)ले गर्ने छ । कोशीको विराटनगरमा गरिने कार्यक्रमको संयोजन जनता समाजवादी पार्टीले गर्ने तालिका छ । मोर्चामा नेकपा (माओवादी केन्द्र), जनता समाजवादी पार्टी, नेकपा (एकीकृत समाजवादी) र नेपाल कम्युनिष्ट पार्टी आबद्ध छन् ।

### कांग्रेस सप्तरीद्वारा ...

गरेको छ ।

कांग्रेस सप्तरीका सभापति रामदेव साह र सचिव सनत कुमार मण्डलद्वारा बुधबार जारि संयुक्त विज्ञप्तिमा घटनालाई गम्भिरतापूर्वक लिएको भन्दै दोषिमाथी कडा कारवाहीको माग गरिएको छ ।

जारि विज्ञप्ति मार्फत घाइते यादवको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै आक्रमण गर्ने व्यक्ति र पछिल्तीर हुन सक्ने जो कोही व्यक्ति वा समूह उपर गहिरो अनुसन्धान गरेर कडा भन्दा कडा कारवाही गर्न सरकारसँग जोडदार माग गरिएको छ ।

# भारतले नेपालका थप चार आयोजनाको एक सय ८० मेगावाट बिजुली किन्ने

काठमाडौँ, २० भदौ (रासस) ।

नेपालले एक सय ८० मेगावाट बिजुली निर्यात गर्न भारतको विद्युत् मन्त्रालयबाट स्वीकृति पाएको छ ।

नेपालले यसअघि चार सय ५२ मेगावाट बिजुली बेच्नका लागि अनुमति पाएको थियो । थप चारवटा आयोजनाको बिजुली भारतले किन्ने भएपछि अब कूल छ सय ३२ मेगावाट विद्युत् नेपालले बेच्नेछ ।

नेपालले अहिले महेन्द्रनगर-गड्डाचौकी प्रसारण लाइनबाट ७० मेगावाट र ढल्केबर-मुजफ्फरपुर प्रसारण लाइनबाट एक सय १० मेगावाट गरी एक सय ८० मेगावाट बिजुली बेच्नका लागि अनुमति पाएको नेपाल विद्युत् प्राधिकरणका प्रवक्ता सुरेश भट्टराईले राससलाई जानकारी दिनुभयो । भारतले यो बिजुली हरियाणा राज्यका लागि लैजान लागेको हो ।

माथिल्लो चमेलिया र माथिल्लो कालंगागाड जलविद्युत् आयोजनाको ७० मेगावाट बिजुली महेन्द्रनगर-गड्डाचौकी प्रसारण लाइनबाट भारतमा जानेछ भने सोलुखोला (दूधकोशी) र दोर्दीखोला जलविद्युत् आयोजनाको बिजुली ढल्केबर-मुजफ्फरपुर प्रसारण लाइनबाट जानेछ ।

नेपाल विद्युत् प्राधिकरणका अनुसार महेन्द्रनगरबाट जाने बिजुली इन्डियन इनर्जी एक्सचञ्ज (आइईएक्स) मा बिक्री हुनेछ भने ढल्केबर मुजफ्फरपुरबाट जाने बिजुली प्रतियुनिट आठ रूपैयाँ ४० पैसाअर्थात् पाँच दशमलव २५ भारतीय रूपैयाँमा बिक्री हुनेछ ।

आइईएक्समा बिजुली बेच्नका लागि बोलकबोल प्रक्रियाबाट हरेक दिन फरक-फरक दरमा बिजुलीको मूल्य निर्धारण हुने गरेको छ । नेपाल विद्युत् प्राधिकरण र एनटीपीसी विद्युत् व्यापार निगमबीच केही समयअघि भएको मध्यमकालीन विद्युत् व्यापार सम्झौताले प्रतियुनिट पाँच दशमलव २५ भारतीय रूपैयाँमा दुई सय मेगावाटसम्म बिजुली खरिद बिक्री गर्ने सम्झौता गरेको छ ।

नेपालले सोलुखोला (दूधकोशी) आयोजनाको ८३ दशमलव ४२ मेगावाट, सुपर मादी हाइड्रोपावरको ४२ दशमलव ६८ मेगावाट, मिस्त्री खोला जलविद्युत् आयोजनाको ४० दशमलव ७४ मेगावाट, दोर्दी खोला जलविद्युत् आयोजनाको २६ दशमलव १९ मेगावाट र अपर चाकु 'ए' जलविद्युत् आयोजनाको छ दशमलव ६७ मेगावाट बिजुली भारत पठाउने भने पनि सोलुखोला र सुपरमादीले मात्रै अनुमति पाएका छन् ।


**डा. कालीप्रसाद यादव**

MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग

हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

**डा. रिपला आचार्य**

MBBS, MD (BPKIHS) NMC NO. 19992

**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**

डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी

यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।

**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**

हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७



**बाढी/पहिरोबाट सतर्क रहौं ।**

– गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं
– जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
– घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
– नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
– भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
– भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**जनहीतका लागि : राजविराज दैनिक**


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*